श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३७।६।६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणी, हवाई विभागका शाखा अधिकृत श्री हेमानन्द उपमन्यु ढकाललाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ को खण्ड (५) र (७) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३७।११।१४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, (लेखा समूह) वन पैदावार समिति, केन्द्रीय कार्यालयको बडालेखापाल श्री दयाकृष्ण ओझालाई सोही सेवाको रा. प. द्वितीय श्रेणीमा बढुवा गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।

आज्ञाले–
सूर्यनाथ सुवेदी
श्री ५ को सरकारको सह-सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारको मिति २०३७।११।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प.तृतीय श्रेणी, जिल्ला कार्यालय, भूमिसुधार शाखा, सिन्धुपाल्चोकको शाखा अधिकृत श्री द्रोणप्रसाद श्रेष्ठलाई उद्योग तथा वाणिज्य मन्त्रालय वा अन्तर्गत कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरूवा गरिएको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग सिंहदरबार